Government of Nepal
Ministry of Federal Affairs, Constituent Assembly, Parliamentary Affairs & Culture
Nepal Copyright Registrar's Office

जि. प्र. का. द. नं.: ०४७/०६३/६४

# प्रतिलिपि अधिकार बुलेटिन
## Copyright Bulletin

सूचना तथा सचेतनाका लागि

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको चौमासिक प्रकाशन

फाल्गुण २९, २०६६ | Volume 4, Issue 12 | March 13, 2010

## Inside this issue

Interaction with the Representatives of NGOs 2

Royalty Distribution Commences 2

WIPO Performances and Phonograms Treaty... (Article) 3

प्रतिलिपि अधिकारमा साझा... (लेख) 4

प्रतिलिपि अधिकारको सन्दर्भमा लेखक-प्रकाशक सम्बन्ध (लेख) 5

Collection of Court Verdicts 6

College Students in a Copyright Training 7

Meetings on Registration Issues 7

Registration of Creations 8

**Editorial Team:**

Mr. Bir Bahadur Rai

Mr. Narayan Prasad Aryal

Mr. Ratnakaji Maharjan

**Computer & Design:**

Mr. Dipendra Kachhipati

www.nepalcopyright.gov.np

यदि तपाईंसँग बौद्धिक सम्पत्ति, प्रतिलिपि अधिकार एवं तत्सम्बन्धी अधिकारका विषयमा कुनै कानूनी वा अन्य जिज्ञासा भएमा आफूलाई लागेका प्रश्नहरु हामीलाई लेखी पठाउनुहोला । यस बुलेटिनका आगामी अङ्कहरुमा तपाईंका प्रश्नहरुको उत्तर दिने प्रयास गर्नेछौं ।

धन्यवाद ॥

# Copyright Training for College Teachers



About fifty teachers engaged in different government-owned and private colleges participated a one day training related to copyright in Kathmandu on February 11, 2010. The training was organized by Nepal Copyright Registrar's Office (NCRO) on "Role of Education Sector for the Protection of Copyright" at the Office of Nepal Tourism Board, Bhrikutimandap, Kathmandu. The group was selected to inspire them to deliver the copyrighted issues through their words to the students where they were teaching. Though the discipline of literature they are engaged is different, most of the college teachers are creators too. The training had also aimed to request them to be more conscious in their future doings so that not a single author would go to the copyright law enforcing agencies with the complain of violation of his/her right by another author. The whole program was very much interesting by the generous queries and experiences raised by the learned teachers. Two discussion papers on different topics were presented in the program by Mr. Bir Bahadur Rai, Registrar, NCRO and Mr. Raj Kumar Suwal, copyright expert. Mr. Rai highlighted the role of government including NCRO for the protection of copyright and related rights. He also tabled the activities that NCRO is doing for the stated purpose. Mr. Suwal, presenting his paper on "Copyright Related International Treaties and Conventions and Nepalese Scenario" aired his views especially being concentrated upon the relevancy of Nepal's accession to different treaties and conventions that Nepal is trying to be party. Mr. Narayan Prasad Aryal, Section Officer, NCRO, who had conducted the whole program also specified about the main objective of the program. He also poured his warm greeting to all the distinguished participants from the side of NCRO. The teachers like Ms. Inu Pahadi, Mr. Prakash Shrestha, Santosh Kumar Shrestha, Satya Narayan Kalika and Ramesh Pokharel representing from different colleges also expressed their valuable and admiring ideas in the program. Mr. Rai, Registrar, NCRO, speaking at the closing ceremony, expressed his satisfaction over the program and kindly asked all the college teachers to disseminate the ideas they got to their students as much as they could.



## News and Events

### Interaction with the Representatives of NGOs

As Nepal Copyright Registrar's Office (NCRO) organized a one day interaction program focusing to the Non-Governmental Organizations (NGOs) that were working especially in the sector of education, more than fifty-five participants attended the program. The program held in Kathmandu on February 4, 2010 on "Different Aspects of Copyright". Two discussion papers were presented in the program by Mr. Bir Bahadur Rai, Registrar,



NCRO and Dr. Bal Bahadur Mukhia, an expert, copyright. Presenting his paper on "Status of Copyright Regime and Concerned Organizations for the Promotion of Copyright in Nepal", Dr. Mukhia highlighted upon the broad area of copyright and the organizations that are working within the territory of a nation or across the world. He showed his concern over the more assistance and effort of WIPO for the development of



copyright protection system in developing nations like Nepal. Mr. Rai, Registrar, NCRO who presented paper on "The Role of Copyright Office for the Protection of Copyright and Related Rights" clarified about the deeds that the office is working in a routine basis. He also stated his ideas focusing upon the role of NGOs for copyright protection and to create awareness to the general public from their side. The objective of the program was specified by Mr. Narayan Prasad Aryal, Section Officer, NCRO who had conducted the whole program and made a heartily welcome to the valuable participants. Along with Ms. Apani Mainali Bhattarai, Mr. Ramchandra Simkhada, Dr. Bam Bahadur Jitali many other participants expressed their concern over the program and committed to help the office to fulfill its aim. The program was concluded by Mr. Rai, Registrar, NCRO with his closing remarks.

### Discussion Program in Bardia

One day discussion program on "Various Aspects of Copyright" concluded in Gulariya, Bardia in the presence of representatives from copyright law enforcing agencies, broadcasting organizations, Bar Association, literary organizations and other stakeholders related to music, literature, photo, art, computer software etc. The program was organized by Nepal Copyright Registrar's Office (NCRO) on Feb. 23, 2010. The aim of the program was to sensitize the law enforcing authorities, and provide basic knowledge to them who were unaware about the rights of creators and neighboring right holders too, that was highlighted by Mr. Narayan Prasad Aryal, Section Officer, NCRO while he poured his warm welcome to the participants and guests as well. Mr. Bir Bahadur Rai, Registrar, NCRO opened his paper in front of the participants that constituted all the aspects of copyright. Presenting his paper, he asked all the authorities those were working as copyright law enforcing agencies be aware about the right of creators and be sensible for their protection. He urged the creators to go to the doors of such authorities if they were facing the problem of theft of their



precious creations. Mr. Chirinjibi Giri, for Chief District Officer, Chakradev Acharya, Chief, District Office of Attorney General and Ganesh Dutta Devkota, Chairman, Bar Association also expressed their views in the program. As the paper was floored on to all, the personalities like Mr. Lal Bahadur Chaudhary, Madhav Chaudhary, Dayaram Khadka and Ms. Nirmala Regmi also joined the discussion very eagerly.

### Royalty Distribution Commences

Music Royalty Collection Society Nepal (MRCSN), a collecting management organization, registered in Nepal Copyright Registrar's Office (NCRO), Kathmandu, under the Copyright Act, 2002 distributed royalty to the renowned personalities of music field first time in Nepalese history. MRCSN was established before two years with the purpose of determining, collecting and distributing royalty of music field from such organizations, agencies and places where music use to play publicly and commercially. On the occasion of its annual general meeting, the senior laureate as well as distinguished nation poet and the chief guest of the program, Mr. Madhav Prasad Ghimire distributed the royalty to various creators. Mr. Yadav Kharel, Chairman, MRCSN, Kali Prasad Rijal, Chairman, Copyright Protection Society Nepal (CPSN), Santosh Sharma, General Secretary, CPSN, Bhagwan Shrestha, Chairman, Nepal Music Industry Association and Bir Bahadur Rai, Registrar, NCRO expressed their gratitude and admired upon the actions taken by MRCSN at the occasion.

### Copyright Program in Mirmire Media Club

Mirmire Media Club, Maitighar organized a one day interaction program on March 7, 2010 on "Issues of Copyright and Related Rights" with the assistance of Nepal Copyright Registrar's Office (NCRO). The program was organized jointly by such two organizations on the basis of public-private-partnership to the media persons. The objective of the program was to sensitize the media persons for the protection of creators and their creations as well. Two different papers were presented in the program by Mr. Bir Bahadur Rai, Registrar, NCRO and Arjun Aryal, Chairman, Mirmire Media Club on the occasion focusing the different copyright issues.

Article

# WIPO Performances and Phonograms Treaty: A Glance

**Dr. Pustun Pradhan,** CEDA, TU

By the time the TRIPS negotiation was concluded in December 1992, digital media, particularly the Internet, came to dominate the market. The rise of the Internet as a real market for cultural and information products brought with it the problem of widespread unauthorized distribution of these products by the pirated channels. Since it was not possible to reopen the TRIPS negotiation just concluded to cover those new issues arising from the spectacular developments in digital technology, the WIPO took initiatives to update and adapt the existing international norm on copyright and related rights to the digital environment. This led to the adoption of two treaties by the WIPO Diplomatic Conference in December, 1996: The WIPO Copyright Treaty (WCT) and the WIPO Performances and Phonograms Treaty (WPPT). The four basic issues which these treaties sought to cover under digital environment were: (a) clarification on the concept of digital reproduction and the application of the right of reproduction in the digital environment; (b) the applicable right for interactive digital transmission, such as right of communication to the public, distribution and commercial rental, and making available to the public of works on line; (c) the application of exceptions and limitations in the digital environment; and (iv) provisions against technological measures (such as the fraudulent circumvention of anti-copy devices) and rights management information (prohibiting, for example, the removal of electronic information attached to works exploited in digital networks).

Since these treaties were designed as a response for the challenges put to copyright and related right by the digital age, they are often referred to as the "Internet treaties". The WCT updates the last Berne Convention of 1971 to cover digitization and the WPPT further broadens the scope of protection to performers and producers of phonograms than it is provided in the Rome Convention of 1961. Both these treaties incorporate the minimum standard of the TRIPS, except its detailed enforcement provisions. The WTO dispute settlement mechanism is not applicable to these treaties. These treaties thus complement both the Berne and the TRIPS and are therefore characterized as Berne/Rome plus and the TRIPS plus. The WCT entered into force on March 6, 2002 and the WPPT, on May 20, 2002.

This article discusses in brief some important features of the WPPT. It is noted that the WPPT only deals with the rights of performers and producers of phonograms; it does not cover broadcasters' rights. Again, as regards the rights of performers it covers only aural performances, but not the audiovisual performances. The text of the WPPT is organized into five chapters containing 33 articles. Chapter one (articles 1 to 4) sets out general provisions. Chapter two (articles 5 to 10) codifies the rights of performers. Chapter three (articles 11 to 14) specifies the rights of producers of phonogram. Chapter four (articles 15 to 23) provides common provision, and chapter five (articles 24 to 29) contains administrative and final clauses.

The WPPT provides for a minimum standard of protection which means any member country is free to grant a level of protection exceeding those granted by the treaty. Articles 6 to 10, and 15 of the WPPT cover economic rights of performing artists. They include rights on unfixed performances, rights of reproduction, right of distribution, right of commercial rental, right of making available and right to equitable remuneration for broadcasting and communication to the public of phonograms published for commercial purposes. Except for the rights on unfixed performances covered under Article 6, the rights granted to the producers of phonograms with respect to their phonograms correspond to those granted to the performing artists. These rights are covered under Articles 11 to 15.

Articles 6 grants the performers rights on unfixed performances which include exclusive right to authorize (i) the broadcasting and communication to the public of unfixed performances, and (ii) the fixation of unfixed performances. The term 'broadcasting' is defined under Article 2 (f) to mean "the transmission by wireless means for public reception of sounds or of images and sounds or the representation thereof . . . ." By this definition it can be safely presumed that Article 6(i) covers the broadcast of audio and audiovisual performances. Article 6(ii), however, is unclear as regards whether fixation extends to both audio and audiovisual or only to fixation on phonograms. Nevertheless, this article when read in conjunction with Article 2(c) that defines the term 'fixation' (the embodiment of sounds, or of the representation thereof, from which they can be perceived, reproduced or communicated through a device) appears to imply that it only extends to fixation on phonograms. This perhaps seems to be a standard interpretation, one which is held by prominent copyright experts.

The rights provided under Articles 7 to 10 (the rights of reproduction, distribution, rental and making available) apply only in relation to performances that are fixed in phonograms. The right of reproduction granted to performers under Article 7 extends to both direct or indirect reproduction of performances fixed in phonograms, in any manner or form. The wording of this Article is similar to that provided to the authors under Article 9(1) of the Berne Convention. The right of reproduction, according to the Agreed Statement concerning Article 7, 11 and 16, fully applies in the digital environment, in particular to the use of performance or phonograms in digital form. It is therefore understood that the storage of a protected performance or phonogram in digital form in an electronic medium constitutes a reproduction within the meaning of the articles mentioned.

The WPPT recognizes the moral rights of the performing artists. It is submitted that the Rome Convention does not cover performers' moral rights; neither does the TRIPS Agreement. Article 5(1) of the WPPT provides that "independently of a performer's economic rights, and even after the transfer of those rights, the performer shall, as regards his live aural performances or performances fixed in phonograms, have the right to claim to be identified as the performer of his performances. . . and to object to any distortion, mutilation or other modification of his performances that would be prejudicial to his reputation."

The other distinct features of the WPPT are obligations concerning technological protection measures and electronic rights management information (ERMS). These provisions are particularly designed to enable the rightholders to exercise their rights in digital network environment. Technological protection measures, such as encryption and watermarking, prevent the unauthorized access to, or use of, protected materials while the rights management information (information that identifies the author or any other rightholders, the work or the subject matter or information about the terms and conditions of use or any codes or numbers that represent such information) ensures rights management over electronic networks by making it possible to licence online utilization of works and to monitor such uses.

Article 18 of the WPPT requires the

**Contd. on page 6**

लेख

# प्रतिलिपि अधिकारमा साझा चुनौती र समाधानमा हातेमालो



**वीरबहादुर राई**

नेपालमा अहिले प्रतिलिपि अधिकारको विषयलाई स्रष्टाहरूको साथै सम्बद्ध सरोकारवाला र सञ्चार माध्यमहरूले समेत प्राथमिकताका साथ हेर्न थालेका छन् । सिर्जनाले मानवको सोच्ने शक्ति र कार्यशैलीमा समेत सकारात्मक प्रभाव पारिरहेको हुन्छ । सिर्जना संवेदनशीलता र भावनासँग जोडिएको विषय हो । तर सिर्जनाको विषयमा हाम्रा सामु विभिन्न चुनौती र समस्याहरू आमरूपमा रहेका छन् । यसको समाधानका लागि स्रष्टाको आवाज र सम्बद्ध सरोकारवालाहरूको सकारात्मक सहयोग र पहलबाट केही हदसम्म अघि बढेको कुरा एउटा सुखद पक्ष मान्न सकिन्छ । करिब आधा शताब्दी पहिले नै नेपालको प्रतिलिपि अधिकारको क्षेत्रमा छुट्टै ऐन आएको भएपनि यसको महत्व र संवेदनशीलताको कमीको कारण समयमा नै प्रभावकारी कार्यान्वयनको अभाव रहँदै अगाडि बढेको अवस्था थियो । कुनै सिर्जना तथा आविष्कार सम्बन्धित व्यक्तिको निजी सम्पत्तिको रूपमा मात्र परिभाषित भएपनि सिर्जना व्यक्तिको निजी सम्पत्ति मात्र नभएर समाज र राष्ट्रको सम्पत्ति पनि हो भन्ने विषय गौण हुन जाँदा यसको महत्व र प्राथमिकतामा नपरी पछि परेको हामी सबैले स्वीकार गर्नुपर्दछ ।

विश्वमा आएको परिवर्तन, विश्वव्यापीकरणको प्रभाव र मानिसको सहज आवातजावतको कारण पनि प्रतिलिपि अधिकारको विषयमा नेपाल जस्तो देश पनि राम्रा र नराम्रा दुवै पक्षबाट प्रभावित रहेको छ । विज्ञान र प्रविधिको विकासले आमजनतालाई हरेक विषयमा खोजी गर्ने, सूचनाको पहुँच र प्रविधिसँग परिचित हुने अवसर पाउन सक्ने वातावरण सहज बनाएको छ । मानिस कोठामा बसी बसी संसारलाई नजिकबाट नियाल्न र त्यसको उपयोग गर्न सक्ने अवस्थामा रहेको छ । मानिसलाई भौतिक रूपमा राहदानी र मौद्रिक रूपमा मुद्रा सटहीको माध्यमबाट रोक्न सक्ने अवस्था भएपनि विज्ञानका धेरै पक्षहरूलाई सहजै रोक्न सक्ने अवस्था रहेको छैन ।

विज्ञानको विकाससँगै आमरूपमा मानिसको इच्छा, चाहना, रुची र कार्यशैलीमा समेत परिवर्तन भएको छ । हिजो विशेषत: गाउँघरमा रेडियो पहुँच साह्रै न्यून थियो भने टेलिभिजनको त कल्पनासम्म पनि गर्न सकिने अवस्था थिएन । यी विषयहरू मानिसको विलासिताका वस्तुको रूपमा थिए र सरकारले यी वस्तुहरू प्रयोग गर्नको लागि लाइसेन्स लिनुपर्ने अवस्था थियो । यो अनौठो र रोचक प्रसङ्ग मान्न सकिन्छ । वर्तमान समयमा रेडियो, टेलिभिजन, एफ.एम. आदि सञ्चार माध्यमबाट कोही पनि अनविज्ञ भई टाढा बस्न सक्दैन । यी सबै विषयवस्तुहरू आजको समयमा आधारभूत वस्तुको रूपमा विकास भएका छन् । एफ.एम., रेडियो र टेलिभिजनले आम श्रोता र दर्शकको चाहना, रुची, इच्छा र आवश्यकता अनुरूप कार्यक्रमहरू उत्पादन र प्रसारण गर्नुपर्ने अवस्था समेत आइपरेको छ ।

**प्रतिलिपि अधिकारमा स्रष्टाको अवस्था:**

वास्तवमा समाजमा मानवको अस्तित्व विकास भएपछि नै विभिन्न प्रकारले विभिन्न प्रकारका सिर्जना र आविष्कार हुँदै आजको अवस्थामा आइपुगेका छौं । कुनै समयमा मानिसले साधारण वस्तुको विकास गर्दा निकै गर्वको विषय हुन्थ्यो । आज धेरै प्रकारका आविष्कार र सिर्जनाहरू भएका छन् जसले समग्र मानव, समाज र अन्तर्राष्ट्रियस्तरमा समेत प्रभाव पार्न सक्षम भएको छ । जसको कारण ती एक्लो व्यक्तिको साथै समग्र समाज, राष्ट्र र अन्तर्राष्ट्रियस्तरमा यसको सकारात्मक प्रभाव परेको छ । वेलायतका लेखिकाले लेखेको ह्यारीपोर्टरले विश्वको ध्यानाकर्षण गर्न सफल हुनु, अमेरिकामा बनेको फिल्म "The Hurt Locker", पारिजातको "शिरिषको फूल" अमेरिकामा पढाई हुनु जस्ता विषयले सिर्जनाको महत्वलाई सहजै झल्काउँछन् । यस्ता सिर्जनाले विश्वमा सकारात्मक सन्देश दिन सफल समेत भएको पाइन्छ । यसले स्थानीयकरण मात्र हैन विश्वव्यापी रूपमा प्रभाव छोडेको छ जसबाट ती देशको स्रष्टाको मात्र हैन राष्ट्रको पहिचानमा सहयोगी बनेको छ । यसले सिर्जनाकार मात्र हैन कि यसको पयोगकर्ता, राज्य र अन्य समग्र पक्ष लाभान्वित भएका छन् । स्रष्टाले आफ्नो सिर्जनाको रोयल्टी पाउँदा अझ नयाँ नयाँ सिर्जना गर्न उत्साहित भए । यसरी नै नेपालको विभिन्न सिर्जनाले नेपालको भूगोल भन्दा बाहिर पनि प्रसारित हुन मात्र हैनकि प्रभाव छोड्न र नेपालको पहिचान समेत बनाउन मद्दत गरेको हुन्छ ।

विगतमा भन्दा अहिले नेपालमा पनि विभिन्न प्रकारबाट स्रष्टा/सर्जक र कलाकारहरूलाई सम्मान गर्ने प्रचलन बढेको छ । विभिन्न टेलिभिजन Channel बाट होस् वा अन्य निजी संस्थाबाट समेत विभिन्न Award को माध्यमबाट उनीहरूलाई प्रेरणा मिल्ने कार्यक्रमबाट स्रष्टा लाभान्वित हुँदै आएका छन् । कविता भन्दा श्रोता नपाइने अवस्थाबाट कविता वाचन कार्यक्रममा स:शुल्क टिकट काटेर सुन्ने श्रोता र कविता वाचन गर्दा आर्थिक मूल्य पाउने अवस्थाको समेत सिर्जना भएको छ । सङ्गीतलाई मनोरञ्जनको साधन मात्र हैन Music Therapy को रूपमा पनि लिन थालिएको छ ।

विश्वमा करिब ३०० वर्ष अघि विकास भएको प्रतिलिपि अधिकारको विषयको नेपालमा निकै ढिलो मात्र प्रवेश र उठान हुन सक्यो । प्रजातन्त्रको पुन:स्थापनापछि राज्यले लिएको खुला बजार अर्थतन्त्र र आर्थिक उदारीकरणको कारण नेपालले पनि सरकारको संलग्नता कम गर्दै निजी क्षेत्रलाई बढावा दिँदै आएको छ । राज्यले प्रथमिकताकासाथ हेर्नुपर्ने विषयमा प्रतिलिपि अधिकार पनि एक हो । यसैको नीति अनुरूप नेपालमा पनि प्रतिलिपि अधिकार ऐन, २०२२ प्रथम पटक जारी भएपछि समयक्रम र अन्तर्राष्ट्रिय महासन्धिका विषयहरूलाई समेत समेटी २०५९ सालमा प्रतिलिपि अधिकार ऐन, २०५९ र नियमावली, २०६१ जारी भई कार्यान्वयनमा रहेको छ । यसको निर्माणमा विभिन्न क्षेत्रको योगदान र प्रयास एउटा सन्हानीय पक्ष मान्नुपर्दछ । यसै खुड्किलोको आधारमा आज हामी सिर्जना र स्रष्टाको लागि आर्थिक तथा नैतिक अधिकारको संरक्षण र प्रवर्द्धन गर्न लागिपरेका छौं । तर यस विषयमा अझै पूर्ण सन्तोष लिने अवस्था छैन भने काम गर्नुपर्ने क्षेत्रहरू व्यापक रहेका छन् ।

**कानुन कार्यान्वयनमा चुनौतीका पाटाहरू:**

कानुन साधन मात्र हो साध्य होइन । कानुन निर्माण गर्दा राज्यले निश्चित उद्देश्य र लक्ष्यका साथ निर्माण गरेको भएपनि त्यसका लागि निर्माण गरिनुपर्ने पूर्वाधार, आवश्यक जनशक्ति, साधन स्रोत आदिको आधारमा त्यसको कार्यान्वयन पक्षको मूल्याङ्कन गर्न सकिन्छ । प्रतिलिपि अधिकार ऐनले कार्यान्वयन गर्ने निकाय र पदाधिकारीहरू समेत निश्चित गरेको छ तर यसको लागि गरिनुपर्ने पूर्वाधार विकास, उनीहरूको क्षमता विकास र साधन स्रोतको पक्षमा भएको कमीको कारण धेरै हदसम्म यो विषय ओझेलमा परेको अवस्था छ । राज्यले आठौं योजनापछि अंगिकार गरेको आर्थिक उदारीकरण र बजार केन्द्रित अर्थतन्त्रको अवधारणा अनुसार धेरै क्षेत्रबाट हात झिकेको अवस्था छ । तर सिर्जनाको पक्षमा रहेको प्रतिलिपि अधिकार भने उपरोक्त विषय भन्दा निकै फरक विषय भएको हुँदा सरकारले अन्य विषयमा जस्तो केवल सहजकर्ता, नियमनकर्ता र उत्प्रेरकको भूमिकामा मात्र सीमित हुनु हुँदैन । त्यसकारण आम स्रष्टाको संरक्षणार्थ स्रष्टा र सर्जकको पक्षमा भने राज्यले अझै धेरै लगानी गर्नुपर्ने अवस्था रहेको देखिन्छ ।

**हाम्रो अवस्था र भावी चुनौती:**

कानुन कार्यान्वयनमा आई पर्नसक्ने समस्या/चुनौतीहरू, प्रभावकारी कार्यान्वयन र नियमनको लागि खडा गर्नुपर्ने संयन्त्र, विशेषज्ञ र दक्ष जनशक्तिको विकास, अनधिकृत र अनाधिकार प्रयोग रोक्नको लागि अवलम्बन गरिनुपर्ने रणनीति, सम्बद्ध सरोकारवालाहरूसँगको सहकार्य, राज्यले खेल्नुपर्ने भूमिका, कार्यान्वयन गर्ने निकायका पदाधिकारीहरूलाई दिइनुपर्ने तालिम (आन्तरिक र बाह्य), अन्य सदस्य राष्ट्र, संघसंस्था र स्थानीयस्तरमा देखिएका जल्दाबल्दा समस्याहरूलाई सम्बोधन गर्नको लागि अझै पनि हामी सामु चुनौतीको रूपमा स्वीकार गर्नुपर्ने अवस्था रहेको छ ।

२१ औं शताब्दीमा विज्ञान र प्रविधिको कारण वस्तु तथा सेवा पाउनको लागि सहज वातावरण बनेको छ । तर यसको अर्को पाटो हरेक क्षेत्र र विषय Complex पनि बन्दै गएको छ । विश्वमा विभिन्न प्रकारका अपराधहरू दैनिक रूपमा कुनै न कुनै रूपमा घटिरहेका छन् । यस्ता घटनाले कुनै व्यक्ति र राष्ट्र मात्र समस्या र अप्ठ्यारोमा परेको अवस्था छैन । यसले अहिलेको Globalization को युगमा सबैलाई कमबढी प्रभाव पार्दै आएको छ । Digital Piracy विकासोन्मुख देशका लागि मात्र होइन कि विकसित देशहरूका लागि पनि चिन्ताको विषय बनेको छ । गीत सङ्गीतको क्षेत्रमा संलग्न स्रष्टा सर्जकहरूबाट आफूहरू पाइरेसी र अनधिकृत प्रयोगको शिकार भएको कारण आफ्नो सिर्जना त्यतिकै खोलोमा पानी बगे सरह नास भैरहेको गुनासो व्यक्त हुँदै आएको छ । वास्तविक रूपमा अध्ययन र मनन गर्ने हो भने यी विषय धेरै हदसम्म स्वीकार गर्नु नै पर्दछ । तर गुनासो र भएको घटनालाई चर्चा र व्यक्त गर्दैमा मात्र समाधान हुने भने पक्कै होइन । यसको लागि सरकारको कार्य क्षेत्रभित्र रही कार्य गर्ने निकायहरू भएपनि उनीहरूमा निश्चित सीमितता पनि रहेको छ । कतिपय विषय नयाँ प्रविधि र नयाँ घटनाको

क्रमश: ..... पृष्ठ ६ मा



प्रतिलिपि अधिकार संरक्षणलाई प्रोत्साहन गरी स्रष्टा उत्प्रेरणामा टेवा पुऱ्याऔं ।

लेख

# प्रतिलिपि अधिकारको सन्दर्भमा लेखक-प्रकाशक सम्बन्ध

नारायणप्रसाद अर्याल



लेखकहरूको लेखकीय क्षमता र प्रकाशकहरूको विश्वसनीयतालाई लिएर पछिल्ला दिनमा यी दुई (लेखक-प्रकाशक) बीचको सम्बन्धमा तिक्तताको अनुभव गरिँदै आएको छ। एक अर्कले पालना गर्नुपर्ने लेख्य तथा प्रकाशकीय आचारसंहिताको अभावले यस्तो स्थिति सिर्जना भएको हो। एकापसमा नङ र मासुको जस्तो सम्बन्ध हुनुपर्ने दुई पक्षबीचको खटपट प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले गरेका सार्वजनिक समारोहमा पनि छताछुल्ल भई बाहिर आउने गरेका छन्। लेखक भएको कारणले नै सिर्जना (मुलतः साहित्यिक) हुन्छ, जुन प्रकाशकको लागि अपरिहार्य आवश्यकता हो। अर्कोतर्फ, प्रकाशक भएको कारणले नै लेखकीय सिर्जना सार्वजनिक रूपले बाहिर आउन सम्भव भएको छ। यदि दुई मध्ये एकको अनुपस्थित रहँदो हो त माछा विनाको पानी र पानी पोखरी विनाको माछाको अवस्थाको अनुभूति हुने थियो। अर्को शब्दमा, एकको अभावमा अर्को बाँच्नै नसक्ने अवस्था सिर्जना हुन्छ भन्दा कुनै अत्युक्ति नहोला।

प्रतिलिपि अधिकारको मान्यताले साहित्य, कला, गीत संगीत, चलचित्र, फोटो, कम्प्युटर सफ्टवेयर एवं वैज्ञानिक लेख, रचना र टोपोग्राफी जस्ता विधामा कलम चलाई देख्न तथा हेर्न सकिने रूपमा सिर्जनालाई जन्म दिने सिर्जनाकारलाई आफ्ना रचनाउपर लेखकीय अधिकार (Right to Authorship) र तिनको जुनसुकै रूपमा दोहन (Exploitation) गरी आर्थिक लाभ प्राप्त गर्ने आर्थिक अधिकार (Economic Right) एकमुष्ट रूपमा (Exclusively) उपलब्ध हुने र त्यसको कानूनतः प्रत्याभूतिको अभिभारा राज्यउपर रहने कुरा प्रष्ट्याउँछ। अर्कोतर्फ, लेखकीय सिर्जनालाई आफ्नो गायकी क्षमता, प्रकाशकीय कार्य (ध्वनिअंकन उत्पादनको हकमा) र प्रसारणीय क्रियाद्वारा सार्वजनिक रूपमा सबैका सामु पुऱ्याइदिने प्रस्तोता (Performers), ध्वनिअंकन उत्पादक (Producers of Phonograms) र प्रसारण संस्था (Broadcasting Organization) लाई आ-आफ्नो कार्यउपर अधिकारको प्रत्याभूति पनि यसले गर्दछ। यस रूपमा हेर्दा लेखक जुन हिसाबले एकमुष्ट नैतिक तथा आर्थिक अधिकारको हकदार हुन्छ, साहित्यिक सिर्जनाका प्रकाशक सोही वा कमबढी मात्रामा तत्सम्बन्धी अधिकार (Neighboring Rights) का दाविकर्ता हुन्छन् हुँदैनन् भन्नेमा द्विविधा पाइन्छ। अर्थात् ध्वनिअंकन उत्पादकलाई प्राप्त हुने त्यस्तो अधिकार साहित्यिक रचनाका प्रकाशक वा उत्पादकलाई हुन्छ हुँदैन, स्पष्ट छैन। कानूनमा अस्पष्टता भएपनि लेखकले प्रकाशनको क्रममा सम्झौताद्वारा पुनःमुद्रण/पुनःप्रकाशन, रोयल्टी लगायतका सन्दर्भमा के कस्तो अधिकार उनीहरूलाई प्रदान गरेका छन्, धेरै कुरा त्यसमा निर्भर हुन्छ।

**लेखकमाथि प्रकाशकका आरोपः**

छलफलका क्रममा प्रकाशकहरूले लेखकहरूमाथि देहायानुसारको दोषारोपण गर्ने गरेको पाइन्छ :-

- लेखकहरू साँच्चिकै आफ्नो बौद्धिक क्षमताको प्रयोग नगरी अन्यत्रबाट खोजी गरिएका सामग्री समावेश गरी टालटुले कृति तयार गरेर प्रकाशनार्थ आउन थालेका छन्।
- लेखकहरुले प्रकाशनका लागि ल्याउने कृतिमा प्रकाशकको राय मुताविकका सामग्री, ढाँचा र सिलसिलेवार फर्मेट समावेश गरी आवश्यक संशोधन गर्न आनाकानी गर्छन्।
- पुस्तक बिक्री हुने सुनिश्चितताको अभावले गर्दा प्रकाशकले प्रकाशन गर्न आनाकानी गरे गालिगलोज र आक्रमणमै उत्रन पनि पछि पर्दैनन्।
- रोयल्टीको सन्दर्भमा उनीहरुलाई सहमतिमा ल्याउन निकै कठिन हुन्छ।
- पुस्तक बिक्रीको ग्यारेन्टी लिने हिम्मत देखाउँदैनन्।
- प्रकाशकलाई पर्नसक्ने संभावित नोक्सानी व्यहोर्न पटक्कै खोज्दैनन्।
- पछि पाउने रोयल्टीबाट कट्टा हुने गरी प्रकाशन लागत व्यहोर्न चाहँदैनन्।
- प्रकाशकले दिएको पुस्तक मुद्रण संख्या, बिक्री विवरण र आर्जित आयमा कदापी विश्वास गर्दैनन।
- पुनःमुद्रण/पुनःप्रकाशनका लागि सहमति दिन कठिन मान्छन् र सहमतिमै गरिए पनि आफ्नो अधिकार उल्लंघनको आरोप लगाउँदै विभिन्न निकायका ढोका ढकढक्याउन पुग्छन्।
- विभिन्न पुस्तक बिक्रेताले आफ्ना कृतिको अनधिकृत फोटोकपि गरेर बेच्दा पनि बेखबर भई बस्छन्।
- एउटा प्रकाशकले प्रकाशनमा ल्याएको कृति लिई बिना सहमति पुनःमुद्रणका लागि अर्कै प्रकाशन गृह पुगी अनावश्यक क्षति गराउन उद्दत रहन्छन्।

**प्रकाशकमाथि लेखकका आरोपः**

प्रकाशकहरू पनि लेखकका नजरमा अनेक हिसाबले दोषी छन्। उनीहरुलाई लेखकले लगाउने आरोप यस्ता छन् :-

- लेखकसँग सम्झौता गरेर मात्र उनीहरुका रचना प्रकाशन गर्न प्रकाशकहरू चाहँदैनन्।
- लेखकलाई ढाँटी सम्झौता (लिखित वा मौखिक) भन्दा अत्याधिक बढी प्रति प्रकाशन गरी बिक्री वितरण गरेर एकलौटी रुपमा मनग्ये आर्जन गर्छन्।
- लेखकसँग कुनै स्वीकृति बिनै उसको नैतिक अधिकारमा समेत आघात पर्ने गरी सर्वाधिकार प्रकाशकमा भनी प्रकाशन गर्ने कुचेष्टा गर्छन्।
- पुस्तक अत्याधिक बिक्री भई राम्रो आर्जन हुने देखिए पुनःमुद्रण गर्दा लेखकको स्वीकृति लिन पनि चाहँदैनन्। औसत स्तरमा बिक्री भएको अवस्थामा लेखकले चाहे पनि पुनः प्रकाशन गर्न मान्दैनन्।
- बिक्रीबाट प्राप्त रकमको ठूलो हिस्सा आफैले राखी निकै न्यून रकम मात्र रोयल्टीको नाममा लेखकलाई दिई लेखकस्वमा आँखा लगाउँछन्।
- स्रष्टालाई अत्यन्तै अनादार गर्छन्।
- लेखकको स्वीकृति बेगर नै आफ्ना रचना अनलाईन संस्करणमा राखी एकलौटी आयआर्जन गर्न पछि पर्दैनन्।
- न्यून रोयल्टी पनि किन स्रष्टालाई दिने भन्ने गलत भावनाले प्रेरित भई रचना अनधिकृत तवरले चोरी गरी प्रकाशन संस्थाकै प्रमुख वा अन्यको नाममा प्रकाशन गर्ने दुस्साहस गर्छन।
- निरन्तर आफ्नै संस्थाबाट प्रकाशन गराउँदै आएका लेखकहरू निरुत्साहित हुने गरी अर्कै प्रकाशककोमा जान लगाउँछन्।
- कुनै लेखकको होइन की प्रकाशन गृहका नाममा वा नाम बिनै स्कुल तथा क्याम्पसस्तरका विभिन्न विषयका गेसपेपर, प्रश्न सँगालो र गाइडहरू प्रकाशन गरी बजारमा ल्याई गैरकानूनी तवरले अर्थोपार्जन गर्छन्।
- तत्काल प्रकाशन असंभव देखिएका तर बजारमा राम्रो माग भएका पुस्तकहरू अनगिन्ती संख्यामा जस्ताको तस्तै फोटोकपि गरेर बेची पैसा जम्मा गर्छन्।
- कानून विपरित हुने गरी सरकारको स्वामित्व रहेका संस्थाबाट प्रकाशन हुनुपर्ने ऐन, नियम, निर्देशिका लगायतका सामग्री बिना अनुमति प्रकाशन गर्छन्।
- प्राज्ञिक विषयको बद्नाम हुने गरी फाइदा हुने देखिए बिना स्वीकृति जस्तोसुकै गुणस्तरका रचना जति पनि संख्यामा प्रकाशन गरी बजारमा पठाउन पछि पर्दैनन्।

**निष्कर्षः**

यसरी एकको अभावमा अर्काको अस्तित्व पूर्णतः धरापमा पर्ने लेखक र प्रकाशकबीच अनेकन् समस्या, असमझदारी, अस्पष्टता र विवादका विषयहरू छन्। तीनको निप्टाराका लागि यी दुईबीच बृहत, खुला र लामो छलफलको जरुरी छ। केही हदसम्म यस्तो असमझदारी र विवादका बुँदालाई कम गर्न देहायानुसारका उपाय अंगाल्न सकिन्छ :

- एकले अर्काको अस्तित्व बोध गरी लिखित सम्झौताको आधारमा मात्र पुस्तक प्रकाशन गर्ने परिपाटी बसाल्ने। संख्या, पुनःमुद्रण, मूल्य तथा रोयल्टी निर्धारणको काम आपसी सहमतिमा गर्ने।
- लेखकहरुले मौलिक, नयाँ र गुणस्तरीय लेखनमा ध्यान दिने; प्रकाशकले त्यस्ता लेखकलाई हतोत्साहित तुल्याउने काम नगर्ने।
- लेखक तथा प्रकाशकको नाम नै नलेखी गेसपेपर, गाइड, प्रश्नपत्रको सँगालो एवं अन्य पुस्तक प्रकाशन गर्ने कामलाई लेखक-प्रकाशक दुवै मिलि हतोत्साहित तुल्याउने।
- सरकारी ऐन कानूनहरुलाई सामान्य टिप्पणी समावेश गरी कुनै लेखकको कृति बनाई प्रकाशन गर्ने काम रोक्ने।
- पुस्तक बिक्रीको अवस्था, भएको आम्दानीको आंकलन तथा कोही कसैबाट अनधिकृत मुद्रण एवं फोटोकपि गरी बिचबिखन भए नभएको सम्बन्धमा यथार्थ हासिल गरी आवश्यक कदम चाल्न दुवैको सहभागितामा बजार अनुगमन र निरीक्षण गरी त्यस्तो भएको पाइए सम्बन्धित आधिकारिक निकायमा उजुरी गर्ने परिपाटी बसाल्ने।
- लेखक एवं प्रकाशकका हकहितको लागि स्थापित पेशागत संस्थाहरुको संयुक्त पहलमा अन्य असमझदारी निवारणार्थ आवश्यक संयन्त्र बनाई काम गर्ने।
- लेखकहरुको हितार्थ सबै लेखकहरू संलग्न भई रोयल्टी संकलन संस्था (Collecting Management Organization) स्थापना गरी आवश्यक कार्यारम्भ गर्ने; यसमा प्रकाशकहरुले पनि सघाउने आदि।

— • —

aryalnp@yahoo.com

**Contd. from page 3**

contracting parties to provide adequate legal protection and effective legal remedies against the circumvention of effective technological measures that are used by the rightholders in connection with the exercise of their rights and that restrict acts in respect of the protected subject matter which are not authorized by the right owners of permitted by law. By Article 19 contracting parties are required to provide adequate and effective legal remedies against removal or alteration of any electronic rights management information and the distribution, importation for distribution, broadcasting, communication or making available to the public of copies of the protected subject matter where the distributor knows that the information has been removed or altered without authority.

The WPPT grants performers and the producers of phonograms the term of protection that lasts 50 years. With regards to performing artists, the term is calculated from the end of the year in which the performance was fixed in a phonogram(Article 17(1)). As regards producers of phonograms, it is calculated from the end of the year in which the phonogram was published, or failing such publication, within 50 years from fixation of the phonogram (Article 17 (2)).

Article 15 of the WPPT grants performers and producers of phonograms the right to a single equitable remuneration. This provision is modeled on Article 12 of the Rome Convention. However, it slightly differs from the Rome in that it applies not only to a direct but also to an indirect use of phonograms published for commercial purposes. As such, the broadcasting of a sound recording reproduced on a tape or the hard disk of a computer gives rise to an equitable remuneration. Article 15(2) provides that the single equitable remuneration may be claimed from the user by the performer or by the producer or by both. It further stipulates that in the absence of agreement, national legislation may set the terms according to which performers and producers shall share the single equitable remuneration. Provisions under Article15, however, are not mandatory, for Article 15 (3) lays down that any contracting State may declare that it will apply the provision only in respect of certain uses, or limit their application in some other way or will not apply the provision at all.

The WPPT recognizes the principle of non-formality. Accordingly, Article 20 of the WPPT explicitly states that the enjoyment and exercise of the rights provided in the treaty shall not be subject to any formality.

— • —

## Participation on the Regional Seminar of WIPO

Nepal has participated in a regional seminar on "Intellectual Property and Traditional Knowledge, Genetic Resources and Traditional Cultural Expressions" that was held in Bangkok, Thailand, from December 16 to 17, 2009. Mr. Bir Bahadur Rai, Registrar, Nepal Copyright Registrar's Office took part in the two days long regional seminar that was organized by the World Intellectual Property Organization (WIPO) and the Department of Intellectual Property (DIP) of the Kingdom of Thailand.

## Update of Website

Nepal Copyright Registrar's Office (NCRO) has renewed, updated and edited its website recently. The office has aimed to provide all the information related to Nepalese copyright through its dynamic website. The process will be regular in the future also.

## Notice for Study

Nepal Copyright Registrar's Office (NCRO) has issued a public notice to select a competent research organization to provide the job of preparing a research report especially being based on "Literary Publications and the Creators of Far-Western Region". The office will finish evaluation and other processes in near future.

## Collection of Court Verdicts

The job of collection of court verdicts has been finished in Kaski and Chitwan districts by Nepal Copyright Registrar's Office (NCRO). The office has prepared a report incorporating the court decisions of such districts especially registered on the issues of copyright infringement. It is aimed to continue the collection of such verdicts from other districts of the country in the future too.

## Agreement with NSCEH

Nepal Copyright Registrar's Office (NCRO) made an agreement with National Environment and Health Study Center (NSCEH) to provide job of research on "Unauthorized Use of Cinematographic Creations Within Kathmandu Valley" recently. The Center will submit its report to the office including all the asked matters within three months.

## Kharel Elected as Chairman

Mr. Yadav Kharel, senior lyricist and film director has been elected as the president of Music Royalty Collection Society Nepal (MRCSN) for the next two years tenure from the annual general meeting of the society that concluded last month in Kathmandu. He is former chairman of the society that was established after registering in Nepal Copyright Registrar's Office, Kathmandu as a CMO for royalty purpose under the provision of existing copyright legislation. Other members of the society who are elected from the meeting are Mr. Yogesh Vaidya, Shreepurush Dhakal, Raman Ghimire, Bhupendra Khadka, James Pradhan, Bharat Shakya, Shambhu Rai, Madan 'Dipbim', Sudam Thapa and Baburam Dahal. The whole election program at their annual general meeting was conducted by Mr. Bir Bahadur Rai, Registrar, NCRO.

**पृष्ठ ४ बाट क्रमशः** .....

कारण सहज रूपमा पहिचान गरी कानूनी दायरामा ल्याउन सक्ने अवस्था पनि बनाउन सकिएको छैन ।

**समाधान र सही सम्बोधनः**

सङ्गीतले सबै क्षेत्र र व्यक्तिलाई छोएको हुन्छ । दिनभरिको थकान मेट्न वा डिनरको लागि होटलमा जाँदा होस् वा गाडी तथा हवाईजहाजमा यात्रा गर्दा एवं राजनीतिक वा सामाजिक कार्यक्रम आदिमा सङ्गीतलाई प्रस्तुत गरिंदै आएको छ । यो बिनाको कार्यक्रम कल्पना पनि गर्न सकिदैन । यस्ता सिर्जनाको लागि स्रष्टाको समय, मस्तिष्क र आर्थिक लगानी समेत भएको हुन्छ । यी समग्र पक्षको मूल्य स्रष्टाले पाउने उसको नैसर्गिक अधिकार हो । यसैको सिद्धान्त अनुसार नेपालमा पनि रोयल्टी निर्धारण, संकलन र वितरणको लागि MRCSN नामक संस्थाको विधिवत रूपमा स्थापना भै क्रियाशील रहेको छ । मूलतः यो विषय स्रष्टा/सर्जक, सम्बद्ध सरोकारवाला, कानुन कार्यान्वयन गर्ने निकाय र श्रोताहरूको मात्र चासो र जिम्मेवारीको विषय होइन । यो तमाम नेपाली जो नेपाली भएर बाँच्न र नेपालीपन र नेपाली सिर्जनाप्रति माया गर्ने छन् उनीहरू सबैको विषय हो । जसको लागि सबैले हातेमालो गर्नुपर्ने हुन्छ । विषयको उठान र सम्बोधन अझै सशक्त हुन सकेको छैन । सिर्जनाहरूले सही र उचित रूपमा मूल्य नपाएको अवस्थामा सम्बद्ध सबैले सिर्जनाको मूल्य पाउनको लागि सामूहिक पहल गर्नु आजको आवश्यकता रहेको छ । जुनसुकै सिर्जनालाई पनि राष्ट्र र समाजको सम्पत्ति मानि आधिकारिक रूपमा मात्र प्रयोग गर्ने सम्बद्ध प्रयोगककर्ता (रेडियो नेपाल, एफ.एम., टेलीभिजन च्यानल, होटल, हवाइजहाज आदि) ले ऐनले दिएको कानूनको परिधि भित्र रही स्रष्टाको सिर्जनालाई प्रयोग गरेको खण्डमा हाम्रो लागि थप नयाँ र महत्वपूर्ण सिर्जना जन्मन सक्दछ । किनकी "स्रष्टाको सम्मान नै राष्ट्रको सम्मान" हो ।

— • —



A character could be protected under copyright if it is an original expression.

## News and Events

# College Students in a Copyright Training



About four dozen students who were studying in plus two and college level in the eastern part of Nepal attended a copyright training at Itahari, Sunsari that was organized by Nepal Copyright Registrar's Office (NCRO) on Nov. 24, 2009. The students studying at the different Colleges and Higher Secondary School of Jhapa, Morang and Sunsari districts participated in the program very eagerly. The program was aimed to make the students, who are the mass users of copyrightable materials, aware and sincere while using the books and other materials. It also intended to request them not to use copied materials in a large volume.

Mr. Ram Prasad Thapaliya, Chief District Officer and chief guest of the program, inaugurated the training. Addressing the program, he humbly asked the students to be creative and conscious reader. He also made his commitment that he would not hesitate to take action if the cases relating to copyright infringement arrived to him. Mr. Rajendra Man Shrestha, Chief District Police Officer, Sunsari and Tanka Dulal, Chairman, Chamber of Industry and Commerce, Itahari also expressed their views in the program. Mr. Bir Bahadur Rai, Registrar, and Mr. Narayan Prasad Aryal, Section Officer, NCRO presented their training papers on different topics. They highlighted upon the different aspects of copyright and the role of students for its protection. The guests were welcomed by Mr. Rai and the program was conducted by Mr. Aryal respectively.



## Settlement of Conflicting Issues

Nepal Copyright Registrar's Office (NCRO) has been settled down various conflicting cases that were registered by the stakeholders in the office relating to the infringement of copyright playing an arbitrary role among the conflicting parties.

## Cases to Nepal Police

Nepal Copyright Registrar's Office (NCRO) has sent some conflicting cases to the Office of Nepal Police for further investigation. The office has set up a norm to send the file of the applicant to the Office of Police if the endeavor to conclude the case is in vain.

## Students Achieved Assistance

Four students, studying at Nepal Law Campus and the Kathmandu School of Law have been selected by Nepal Copyright Registrar's Office (NCRO) for the purpose of providing each some monetary assistance to write thesis on the issues of copyright. The selection was concluded by a committee on the basis of the norms those were set up by the office. As they made an agreement with the office, they got preliminary assistance as per the agreement.

## Study Report Achieved

Srijanshil Adhyayan Kendra, Nepal (SAKN) has submitted its study report to Nepal Copyright Registrar's Office (NCRO) after it concluded study about the "Folklore of Dura Community in Lamjung". In its report, the agency has incorporated the matters that were prescribed in the terms of reference at the time of agreement.

## Monitoring in Various Places

Nepal Copyright Registrar's Office monitored various market places of Kathmandu Valley and different other city areas of the country like Bhairahawa, Pokhara, Surkhet etc. regarding the infringement of copyright and related rights. The inspection and supervision that the office is doing in a regular basis has assisted to minimize the unauthorized deeds that are prevailed all over the nation.

## Distribution of Informative Materials

Nepal Copyright Registrar's Office distributed the materials like brochure, bulletin, pamphlets, Copyright Act and calendar in various places of the country including District Administration Office, District Police Office, Courts, Office of the District Attorney General, copyright related non-governmental organizations and to those persons who visited the office for different purposes with the aim of informing the activities of the office and creating public awareness.

## Meetings on Registration Issues

Nepal Copyright Registrar's Office (NCRO) has organized various meetings to finalize the relevancy of registration of the conflicting creations received in the office. The office use to call an meeting of experts if it feels difficulty to reach at a conclusion regarding the registration of the creations which seem little bit peculiar and conflicting in nature.

## Roster Updated

Nepal Copyright Registrar's Office (NCRO) has updated the roster of copyright experts that was prepared last year. The process of including the name of new experts in the roster is going on in a regular basis.

## Subsidy for CMO

Nepal Copyright Registrar's Office (NCRO) provided some amount from its budget that was allocated as a subsidy to the collecting management organization and others. The office is providing subsidy for Music Royalty Collection Society Nepal (MRCSN), a CMO and Copyright Protection Society Nepal (CPSN), a non-governmental organization working for the development of copyright system in Nepal regularly for some years.

## Registration of Creations up to March 13, 2010




Total: 716

## प्रतिलिपि अधिकार संरक्षण गर्न तथा सम्भावित दण्ड सजायबाट बच्न देहायको सचेतना अपनाऔं :-

- नयाँ, बौद्धिक र मौलिक सिर्जना गर्ने बानी बसालौं ।
- कसैका साहित्यिक रचनाको उद्धरणको नियम बाहिर गई ठूलो अंशमा साभार तथा उल्लेख्य मात्रामा फोटोकपि गर्ने, अरूका फोटोजन्य रचनालाई आफ्नो नाममा छपाउने, अरूका सांगीतिक सिर्जनाको डबिङ्ग गरी पुनःउत्पादन तथा अनुमति बिनै रिमिक्स गर्ने, अर्केका कम्प्युटर सफ्टवेयरको नक्कल गरी निकाल्ने तथा कुनै चलचित्रको गैरकानूनी उत्पादन र बिक्री वितरण गरी आयआर्जन गर्ने लगायतका वास्तविक स्रष्टालाई क्षति पुग्ने कार्य नगरौं ।
- अरूका सिर्जनालाई आफ्नो दावी गर्ने तथा प्रसारणपूर्व सम्पूर्ण स्रष्टाको नाम उल्लेख नगर्ने परम्परा त्यागौं ।
- आफ्ना रचना नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा दर्ता गराऔं ।
- आफ्ना सिर्जनाहरू कसैले अनधिकृत तवरले उपयोग गरी फाइदा लिए नलिएको सम्बन्धमा सधैं चनाखो बनौं ।
- अधिकार उल्लंघनका विरुद्ध नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय वा सम्बन्धित प्रहरी कार्यालयमा उजुर गर्ने गरौं ।
- स्रष्टा र तिनका सिर्जना राष्ट्रका अमूल्य नीधि भएकोले यिनको सम्मान खातिर जुटौं ।
- प्रतिलिपि अधिकार र तत्सम्बन्धी अधिकारको सम्बन्धमा जति सक्दो धेरैलाई जानकारी दिन आवश्यक प्रचारप्रसार गरौं ।
- रचनाहरूको सार्वजनिक तथा व्यावसायिक प्रयोगवापत रोयल्टी उठाई वितरण गर्ने प्रयोजनले गठन भएका रोयल्टी संकलन संस्थाहरूको सदस्य बनौं ।
- सक्कली सिर्जनाहरूको मात्र प्रयोग गरी स्रष्टाको जिविकोपार्जन एवं प्रतिलिपि अधिकार संरक्षण गर्ने राज्यको दायित्वमा टेवा पुऱ्याऔं ।

## सम्पादकीय



वीरबहादुर राई
रजिष्ट्रार

### रोयल्टी वितरण: सकारात्मक शुरुवात

नेपालको साङ्गीतिक इतिहासमा लामो प्रयासपछि राज्यकोतर्फबाट सङ्गीत क्षेत्रका स्रष्टाहरूलाई रोयल्टी वितरण गर्ने कार्यको औपचारिक रूपमा शुरुवात भएको छ । सङ्गीत रोयल्टी संकलन समाजले आफ्नो स्थापनाको उद्देश्यलाई साकार पार्दै पहिलो पटक विभिन्न स्रष्टाहरूलाई उनीहरूको सिर्जना वापतको रकम सार्वजनिक रूपमा वितरण गरेको छ । प्रतिलिपि अधिकार ऐन, २०५९ को उद्देश्य र भावना अनुसार स्रष्टा/सर्जकलाई थोरै भएपनि रोयल्टी वितरण गरिएबाट आम स्रष्टाको पक्षमा सकारात्मक प्रभाव परेको छ भन्ने लाग्छ । स्रष्टा/सर्जकहरू राष्ट्रका सम्पत्ति हुन् । स्रष्टाको सिर्जनाले समाजका विभिन्न व्यक्तिको सोचमा सकारात्मक परिवर्तन ल्याउन र राष्ट्रलाई सत्मार्गमा अघि बढाउन ठूलो भूमिका खेलिरहेका हुन्छन् । कुनै पनि स्रष्टाले आफ्नो सिर्जनाको आर्थिक मूल्य पाउनु उसको नैसर्गिक अधिकार हो । स्रष्टाहरू आफ्ना सिर्जनाको माध्यमबाट आफूलाई समाजमा उभ्याउँदै आफ्नो जीविका र समाज एवं राष्ट्रको पक्षमा कार्य गर्दै आएका हुन्छन् । विगतमा हेर्ने हो भने कतिपय सिर्जना (विशेषतः गीत र सङ्गीतको क्षेत्रमा हब्बीको रूपमा मात्र सीमित थिए) महत्वपूर्ण भएपनि तिनले उचित अवसर पाउन नसक्दा त्यसको महत्वको बारेमा राज्य, समाज र श्रोताहरूबाट समेत सही मूल्याङ्कन र उपयोग हुन सकेको थिएन । तर ढिलो भएपनि आम स्रष्टाको पक्षमा राज्यले समेत उनीहरूको सिर्जनाको मूल्य पाउनु पर्दछ भन्ने मान्यता अनुरूप केही हदसम्म आर्थिक र नैतिक अधिकार स्थापित भएको छ । ऐनले स्रष्टाको सिर्जनाको संरक्षण र उनीहरूको आर्थिक तथा नैतिक अधिकार सुनिश्चित गरेको छ । सिर्जनाको मूल्यले आजका स्रष्टाहरूमा हौसला र नयाँनयाँ सिर्जना गर्नका लागि प्रोत्साहित तुल्याउँदै आएको अवस्था छ । सङ्गीतको प्रयोग हुने क्षेत्रमा विस्तार हुँदै स्थानीय, राष्ट्रियस्तरदेखि अन्तर्राष्ट्रियस्तरसम्म फैलिएको छ । विज्ञान र प्रविधिको कारण यस्ता सिर्जना विश्वका कुनै पनि कुनामा बसोबास गर्ने श्रोताले सहजै उपयोग गर्नसक्ने अवस्था विकास भएको छ । समाजको माध्यमबाट अन्तर्राष्ट्रियस्तरमा समेत नेपाली सिर्जनाको रोयल्टी पाउन सक्ने अवस्था रहेको छ । हाम्रा सिर्जनाहरू वास्तवमा सामूहिक सम्पत्ति हुन् । यसको लागि हामी सबै श्रोता र सम्बद्ध सरोकारवालाहरूले समेत सकारात्मक सोचका साथ संरक्षण र प्रवर्द्धन गर्न लाग्नुपर्ने हुन्छ । अहिले नेपाली सङ्गीत क्षेत्र पाइरेसी र अनधिकृत प्रयोगको मारबाट विभिन्न समस्याहरू भोलिरहेको भएपनि राज्यकोतर्फबाट कानुनी उपचार हुने व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बद्ध निकायका जनशक्तिमा तालिम प्रदान गर्ने, सम्बद्ध सरोकारवालाहरूलाई सचेतना कार्यक्रम संचालन, राज्यकोतर्फबाट उपलब्ध गराइने श्रोतसाधनमा उच्च प्राथमिकता दिने प्रयास शुरुवात भएको छ । रोयल्टी वितरण गर्ने कार्य शुरुवातसम्म भएको छ यसको उद्देश्य र लक्ष्य अनुरूपका कार्य गर्न धेरै बाँकी रहेको छ । यसको लागि समस्त स्रष्टा, सम्बद्ध सरोकारवाला, सरकारी निकाय, उपयोगकर्ताहरूमा सिर्जनाप्रतिको सकारात्मक सोच र कार्य एकताको आवश्यकता रहेको छ । तसर्थ आम स्रष्टाको सिर्जनालाई सबै सम्बद्ध सरकारी निकाय, सरोकारवालाहरू, सञ्चारकर्मी सबैले समान महत्व दिन र यिनको संवेदनशीलता बुझ्न जरुरी छ । स्रष्टाको पक्षमा एउटा सकारात्मक कार्यको शुरुवात भएको छ तर यसको पूर्ण सफलताको लागि सबैले आ–आफ्नो क्षेत्रबाट सशक्त रुपमा लाग्नुपर्ने हुन्छ जसबाट तमाम स्रष्टाको हित र संरक्षणमा सहयोग पुग्दछ । त्यति मात्र हैन, राम्रा सिर्जना र रचनाको कारण समाज, समुदाय एवं राष्ट्रको सामाजिक र आर्थिक रूपान्तरण गर्नमा समेत महत्वपूर्ण सहयोग पुग्न सक्दछ ।

**Nepal Copyright Registrar's Office**
Kalikasthan, Kathmandu, Nepal
Tel: 977-1-4431155, 4443750
Fax: 977-1-4431144, PO Box: 430
E-mail: info@nepalcopyright.gov.np
Web Page: www.nepalcopyright.gov.np

प्रतिलिपि अधिकार बुलेटिन नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट निःशुल्क वितरण गरिन्छ । यस बुलेटिनका सम्बन्धमा यदि तपाईको कुनै जिज्ञासा वा सुझाव छ भने हामीलाई यस ठेगानामा सम्पर्क गर्न नबिर्सनु होला ।

Mail to:

All Photos by NCRO, © सर्वाधिकार : नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा सुरक्षित । प्रिन्टिङ्ग : सगुन प्रिन्टिङ्ग प्रेस, टेकु ।